मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं ९ गते मंगलबार ❑ 25 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## 'आर्थिक सशक्तीकरण र कानुनी सचेतना एकअर्काका परिपूरक' : मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ८ भदौं

गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङले आर्थिक सशक्तीकरण र कानुनी सचेतना एकअर्काका परिपूरक आधार भएको वताएकी छन ।

लेखनाथ उद्योग वाणिज्य संघले सोमबार लेखनाथ क्षेत्रका आमा समूह तथा महिला उद्यमीहरूलाई लक्षित गरी आयोजना गरेको कानुनी सचेतना कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोल्दै मन्त्री गुरुङले यस्तो बताएकी हुन । महिला उद्यमीले आफ्नो अधिकार र कानुनी प्रक्रियाबारे स्पष्ट जानकारी पाएमा आत्मविश्वास मात्र बढ्दैन, व्यवसाय पनि थप सुरक्षित र प्रतिस्पर्धी बन्छ- मन्त्री गुरुङले भनिन् ।

उनले नेपालको संविधानले प्रत्याभूत गरेको समानता र न्यायको हक जब महिला उद्यमी र व्यवसायीहरू आफ्नो कानुनी हैसियत, अधिकार, दायित्व र न्याय प्रक्रियाका बारेमा सचेत हुन्छन्। तब मात्र व्यावहारिक रूपमा स्थापित हुने बताएकी छन् । उनले कुनै पनि घरमा एक जना महिला शिक्षित भई नेतृत्व




गर्न सक्षम भएमा समग्र समाज नै शिक्षित र सभ्य बन्ने बताउँदै महिला नेतृत्वको महत्वमा जोड दिइन्। यस्तो चेतनामूलक पहलले समावेशी र न्यायपूर्ण समाज निर्माणको बलियो जग तयार गर्ने विश्वास व्यक्त गर्दै लेखनाथ उद्योग वाणिज्य संघको प्रयासको उनले प्रशंसा गरेकी थिईन । मन्त्री गुरुङले नीति क्षेत्र, कानुनी क्षेत्र र सरकारबीचको सहकार्यले मात्र उद्यमशीलता, रोजगारी र स्थानीय अर्थतन्त्रलाई नयाँ उचाइमा पुऱ्याउन सक्ने बताइन् । गण्डकी प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयमार्फत महिला सशक्तीकरण, सिप विकास, उद्यमशीलता प्रवर्द्धन र सुरक्षित सामाजिक वातावरण निर्माणका कार्यक्रमहरू प्रदेशभर सञ्चालन गरिरहेको पनि जानकारी दिइन् ।

कार्यक्रममा संघकी अध्यक्ष जानुका पराजुली अधिकारीले कार्यक्रममा संघकी अध्यक्ष जानुका पराजुलीले महिला र महिला उद्यमीका लागि कानुनी ज्ञान अपरिहार्य रहेको बताइन्। उनले कानुनको अनभिज्ञताले कसैलाई पनि गल्तीबाट उन्मुक्ति दिँदैन भन्दै महिलाहरूले आफ्नो दैनिक जीवन र व्यवसायसँग जोडिएका कानुनी विषयमा जानकार हुनुपर्ने आवश्यकतामा जोड दिइन्। "अन्य क्षेत्रमा लगानी गर्नुभन्दा पहिले हाम्रो चेतनाको स्तरमा लगानी गर्नुपर्छ," उनले भनिन् । कानुनी चेतना नभएका महिलाहरू सजिलै शोषणमा पर्ने, आफ्ना अधिकारबाट वञ्चित हुने र निर्णय प्रक्रियामा पछि पर्ने गर्छन्। "बौद्धिकतामा लगानी गर्‍यौँ भने हामीलाई कसैले दबाउन सक्दैन। हामी शोषित भएर बस्नुपर्दैन," उनले थपिन् । उनले हालैको एउटा बालिका हिंसा घटनाको प्रसंग जोड्दै सामाजिक कुरीति र दुर्व्यवहारबाट बच्न सामूहिक सचेतना आवश्यक रहेको औँल्याइन् । उक्त कार्यक्रममा गण्डकी प्रदेशका मुख्य न्याधिवक्ता वरिष्ठ अधिवक्ता चिरञ्जीवी शर्माले आर्थिक पारदर्शिता र वित्तीय स्वच्छता, लैंगिक समानता र सामाजिक बहिष्करण अन्त्य, घरेलु/मनोवैज्ञानिक हिंसा, व्यक्तित्व विकास, उद्यमशीलतामा धैर्य र परिश्रमको महत्त्व, महिलाको मर्यादा र वस्तुकरण, लगायतका विषयमा प्रशिक्षण दिएका थिए ।

उक्त अवसरमा संघका पुर्वअध्यक्ष लक्ष्मी प्रसाद त्रिपाठीले कानुनी सचेतना महिला सशक्तीकरण, शोषणबाट सुरक्षा, र आर्थिक स्वावलम्बनको आधारशिला भएको र यसबाट नै महिलाहरुको स्वतन्त्रता र सम्मानको ग्यारेन्टी हुने वताएका थिए । संघका अध्यक्ष जानुका पराजुली अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन महासचिव भरतराज ओझा र धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष गोपिचन्द्र बाँस्तोलाले गरेका थिए ।

## समाजलाई प्रविधिभन्दा नैतिकता, आचरण र इमान्दारीको खाँचो छ : राष्ट्रपति

**रासस**
काठमाडौं, ८ भदौं

राष्ट्रपति रामचन्द्र पौडेलले आधुनिक प्रविधिको विकाससँगै समाजलाई नैतिकता, आचरण र इमान्दारीको खाँचो रहेको बताउनुभएको छ ।

नेपाल जनप्रशासन संघद्वारा आयोजित हेमबहादुर मल्ल सम्मान वितरण समारोहलाई सम्बोधन गर्दै उहाँले प्रविधि र क्षमता अरूबाट लिएर पनि उपयोग गर्न सकिने भए पनि आचरण, नैतिकता र इमान्दारी व्यक्तिको अन्तस्करणसँग जोडिएको विषय भएको बताउनुभयो ।

"आधुनिक प्रविधिसँगै आधुनिक प्रशासन चाहिन्छ । तर आधुनिक प्रशासनको आधार पनि नैतिक र जिम्मेवार नेतृत्व नै हो भन्ने भावलाई बिर्सनु हुँदैन", राष्ट्रपति पौडेलले भन्नुभयो, "मलाई लाग्दछ, आज हाम्रो समाजलाई त्यही नैतिकता, आचरण र इमान्दारीको अलिक बढी खाँचो छ ।" प्रविधिको विकास र परिवर्तनको गति तीव्र भइरहेको उल्लेख गर्दै उहाँले कृत्रिम बौद्धिकता, डिजिटल शासन, विश्वव्यापीकरण र नयाँ आर्थिक संरचनाले प्रशासन तथा व्यवस्थापनका परम्परागत अभ्यासलाई समयानुकूल परिवर्तन गरिरहेको बताउनुभयो । "प्रविधि परिवर्तन भए पनि केही मूल्य कहिल्यै पुराना हुँदैनन् इमान्दारी, अनुशासन, जिम्मेवारी, नैतिकता, मानवता र सार्वजनिक हितप्रतिको प्रतिबद्धता", उहाँले भन्नुभयो । राष्ट्रपति पौडेलले मुलुकको बदलिँदो परिवेशमा जनताको विकासको चाहना सुशासनका माध्यमबाट पूरा गर्नुपर्ने बताउनुभयो । सूचना प्रविधिको विकाससँगै विस्तार भएको विश्वव्यापीकरण र आधुनिकीकरणको वर्तमान समयमा राज्यको सफलता र विकासको मापन आर्थिक विकासका सूचकबाट मात्र गर्न नहुने उहाँको भनाइ थियो ।

"जनताले राज्यबाट झन्झटरहित तरिकाले पाउने छिटोछरितो र गुणस्तरीय सेवा, निर्णय प्रक्रियाको पारदर्शिता, संस्थाको जवाफदेहिता, न्यायपूर्ण व्यवहार, विधिको शासन र सार्वजनिक संस्थाप्रतिको विश्वासलाई पनि हामीले बिर्सनु हुँदैन", उहाँले भन्नुभयो ।

उहाँले दिगो विकास सक्षम संस्था, दक्ष संस्थागत नेतृत्वसहित उच्च नैतिकता, व्यावसायिकता र उत्तरदायित्वको संस्कृतिमा निर्भर रहने उल्लेख गर्नुभयो । नेपाल जनप्रशासन सङ्घजस्ता पेसागत तथा प्राज्ञिक संस्थाले नीति निर्माण, प्रशासनिक सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासनका क्षेत्रमा विगतमा जस्तै आगामी दिनमा पनि प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल जनप्रशासन सङ्घ र साल्ट ट्रेडिङ कर्पोरेसनले सफल प्रशासक तथा व्यवस्थापकका रूपमा स्थापित स्वर्गीय हेमबहादुर मल्लको योगदानलाई स्मरणीय बनाउन सम्मान कार्यक्रमलाई निरन्तरता दिनु खुसीको विषय भएको राष्ट्रपति पौडेलले बताउनुभयो । राज्य, पेसागत संस्था, सार्वजनिक संस्थान र समाजबीचको सहकार्यले राष्ट्रनिर्माणमा योगदान गर्नसक्ने उहाँको अभिमत थियो ।

सबैको साझा प्रयासबाट मात्र न्यायपूर्ण, सक्षम, उत्तरदायी र समृद्ध नेपाल निर्माण गर्न सकिने उल्लेख गर्दै उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउँदै नागरिकको अपेक्षाअनुरूप देश विकासको चाहनालाई मूर्तरूप दिनु सबैको साझा दायित्व भएको बताउनुभयो । राष्ट्रपति पौडेलले हेमबहादुर मल्ल सम्मानबाट सम्मानित डा. रामकण्ठ माकजू श्रेष्ठ र रामेश्वरप्रसाद खनाललाई बधाई दिँदै सार्वजनिक सेवाप्रतिको उहाँहरूको समर्पण र राष्ट्रनिर्माणमा पुऱ्याएको योगदानको कदरस्वरूप सम्मान गरिएको बताउनुभयो ।

## कोशी प्रदेशसभाका मुख्यमन्त्री कार्कीद्वारा विश्वासको मत प्राप्त

**रासस**
काठमाडौं, ८ भदौं

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सोमबार कोशी प्रदेशसभामा विश्वासको मत प्राप्त गर्नुभएको छ ।

नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिम प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न उहाँले प्रदेशसभा नियमावली, २०७४ को नियम १२८ को उपनियम (४) बमोजिम प्रस्ताव पेस गर्नुभएको थियो ।

मुख्यमन्त्री कार्कीको प्रस्तावका पक्षमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का प्रदेशसभा सदस्यले मत दिनुभयो । उहाँले ५७ मत प्राप्त गर्नुभएको छ । कोशी प्रदेशसभामा एमालेका ४० र नेकपाका १७ सदस्य छन् । विपक्षमा नेपाली कांग्रेसका प्रदेशसभा सदस्यले मतदान गर्नुभयो । नेपाली कांग्रेसका २९ सदस्य रहेकामा विपक्षमा २२ मत परेको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टीका सभामुखसहित पाँच सदस्य छन् । उहाँहरू तटस्थ रहनुभयो । जनता समाजवादी पार्टीका एक मात्र प्रदेशसभा सदस्य निर्मला लिम्बू आजको सभामा उपस्थित हुनभएन भने एक जनाले यसअघि राजीनामा दिइसक्नुभएको छ । विश्वासको मतदान प्रक्रियामा ८३ सदस्य सहभागी हुनुभएको थियो ।

## स्याङ्जाको गल्याङमा जिप दुर्घटना, दुई जनाको घटनास्थलमै मृत्यु

**पोखरापत्र संवाददाता**
वालिङ, ८ भदौं

गल्याङ नगरपालिका-३ गल्याङ बजारबाट साङलियातर्फ गइरहेको जिप सोमबार साँझ गल्याङ नगरपालिका-८ करादीस्थित भित्री सडकमा दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रमेशदत्त अवस्थीका अनुसार गल्याङ ८ की २५ वर्षीया निशा पचभैया र गल्याङ ९ का ६० वर्षीय यमबहादुर विकको घटनास्थलमै मृत्यु भएको हो ।

जिपमा सवार अन्य १७ जना घाईते भएका छन् । ती मध्ये २७ वर्षीया वसन्ती विश्वकर्मा तथा ४८ वर्षीया देवी विकको अवस्था गम्भीर छ । उनीहरुलाई पाल्पास्थित युनाईटेड मिशन अस्पताल पठाइएको छ ।

सामान्य घाइते भएका पाँच जना घर फर्केका छन् । अन्यको गल्याङ नगर अस्पतालमा उपचार जारी छ ।

## मुक्तिनाथमा एकैदिन आठ हेलिकप्टर उडान

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ भदौं

मुस्ताङको मुक्तिनाथमा एकैदिन आठ वटा हेलिकप्टरले उडान गरेका छन् ।

जोमसोम नागरिक उड्डयन कार्यालयका अनुसार आज विभिन्न हेलिकप्टर कम्पनीले काठमाडौँ-मुक्तिनाथ र मुक्तिनाथ-काठमाडौँ दुईतर्फी उडान गरेका हुन् । जोमसोम विमानस्थल प्रमुख दीपक पोखरेलका अनुसार आज काठमाडौँ-मुक्तिनाथ दुईतर्फी हेलिकप्टर उडान भएका छन् । ती उडानबाट ३२ भारतीय दर्शनार्थीले हेलिकप्टर सेवा लिएका छन् । उहाँका अनुसार वर्षायाममा यति धेरै स॰ यामा हेलिकप्टर उडान भएको पहिलो पटक हो । विमानस्थल प्रमुख पोखरेलका अनुसार काठमाडौँबाट सिधै मुक्तिनाथ र मुक्तिनाथबाट काठमाडौँ विभिन्न पाँच निजी हेलिकप्टर कम्पनीले उडान गरेका छन् ।

एयर डाइनेस्टिक, अल्टिच्युड एयर, एभरेस्ट हेलि, अन्नपूर्ण एयर र मिम्रिक एयरले उडान गरेका हुन्। यसैगरी, दुई महिनादेखि रोकिएको पोखरा-जोमसोम हवाई सेवा पनि सोमबारदेखि पुनःसञ्चालनमा आएको छ ।

पोखरा-जोमसोम नियमित हवाई सेवाका लागि समिट एयरलाइन्सले तीन वटा उडान गरेको हो । समिट एयरको जोमसोम स्टेसन इन्चार्ज सुमन थकालीका अनुसार जेठ २ गतेदेखि बन्द रहेको हवाई सेवा सोमबारदेखि पुनःसुरु भएको हो ।

पहिलो दिन समिट एयरको जहाजले ४८ भारतीय यात्रुलाई सेवा दिएको उहाँले जानकारी दिनुभयो । तारा एयरलाइन्सले भने अझै उडान सुरु गरेको छैन ।


## बागलुङमा ६४६ जनामा डेङ्गु सङ्क्रमण

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ भदौं

बागलुङमा डेङ्गु सङ्क्रमण फैलिएको छ । पछिल्लो दुई महिनामा जिल्लामा डेङ्गु सङ्क्रमितको संख्या बढेर ६४६ पुगेको छ ।

स्वास्थ्य कार्यालय बागलुङका अनुसार जिल्लाका सबै पालिकामा डेङ्गु सङ्क्रमण देखिएको छ । साउन र असार महिनाको तथ्याङ्कअनुसार बागलुङ नगरपालिकामा मात्रै ४५९ जनामा डेङ्गु सङ्क्रमण

बाँकी अन्तिम पृष्ठमा ▶▶



**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, व्यूझ्दा मैले पाए जीवन कर्तव्य हो । – फारसी उखान

## सम्पादकीय

# फोहोर सफा पार्न लाग्नुपर्ने नै फोहोर बनाउन नलाग

पुराना राजनीतिक दलको बिरोध र ३५ बर्षमा केही भएन भन्ने राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद र कार्यकर्तासँग सभापति रवि लामिछाने पनि वाक्क भएका छन । ३५ बर्षको विरोध गर्नु भन्दा ३५ बर्षमा गर्ने योजना चाहिन्छ भनेर आफ्ना सांसदलाइ सम्झाउन खोजेका छन । बहुदलीय शासन व्यवस्थालाई स्वीकार गरेर आएका दलका सांसदका अभिव्यक्ति निर्दलीय जस्तो हुनु विडम्बना हो । सुसंस्कृत राजनीतिको नारा दिएर आएको पार्टीको शैली लोकतान्त्रमा विश्वास गर्नेलाई पटक्कै सुहाउँदैन । राष्ट्रिय स्वतन्त्र पार्टीका केही सांसद र मन्त्रीको गतिविधि भने हिजोका राजनीतिक दलका नेता र सांसदका भन्दा गएगुज्रेका देखिन थालेका छन् ।

सांसदको सामान्य मर्यादा पनि नराखी अभियन्ताकै शैलीमा जहाँ पनि र जेमा पनि हुल्लडबाजका रूपमा उनीहरू प्रस्तुत भइरहेका छन्। शुक्रबार काठमाडौंको फोहोर व्यवस्थापनसम्बन्धी छलफलमा धादिङबाट निर्वाचित सांसद आशिका तामाङले गरेको गतिविधि पछिल्लो एउटा उदाहरण मात्रै हो । उनले संसद्मा भदौ २ गते पनि अमर्यादित शैली देखाएकी थिइन् । संसद् भनेको बहस, छलफलको थलो हो । र, सांसदको मुख्य काम कानुन निर्माण हो । जनताको आवाज उठाउने थलो पनि हो संसद्। तर सडक र संसद् फरक हुन् भन्ने हेक्का पनि नराखी तामाङले आफ्नो जिल्लाका बासिन्दाको विषयका राखेको संवेदनशील विषय उनकै हर्कतका कारण ओझेलमा पर्‍यो । शुक्रबार धादिङको बन्चरेडाँडामा फोहोर व्यवस्थापनको विषयमा छलफल नुवाकोटबाट निर्वाचित सांसद तथा मन्त्री विक्रम तिमिल्सिनाले राखेका थिए । त्यहाँ पनि सांसद तामाङले उपस्थित मेयरलगायत जनप्रतिनिधिहरूको मानमर्दन गरिन् ।

फोहोर फाल्न दिन्नजस्ता गैरजिम्मेवार अभिव्यक्ति दिइन् । खासमा सांसदले त समस्याको समाधान खोज्ने हो, । समस्या बल्झाउने वा झनै चर्काउने होइन। हो, बन्चरेडाँडामा फोहोर व्यवस्थापन गर्दा त्यहाँका बासिन्दालाई नकारात्मक प्रभाव परेको छ। उनीहरूलाई परेको समस्यालाई समाधान दिन सक्नुपर्छ। भाँडेर समस्याको समाधान हुँदैन । बैठक वा संसद् दुवैमा एकले अर्काका कुरा सुन्नुपर्छ । अनि आफ्ना कुरा पनि राख्नुपर्छ। यो सामान्य परम्परा हो । संसदीय परम्परामा त झन् विपक्षी र विरोधी आवाजको सम्मान गर्नुपर्छ । अरूका विचार र धारणा सुन्ने तागत सांसदमा हुनुपर्छ ।

लोकतन्त्र भनेकै अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था हो। स्वयं अरूका विचारको सम्मान गर्ने जिम्मेवारीमा रहेको सांसदले झनै अमर्यादित र गैरजिम्मेवार अभिव्यक्ति दिने संसद् त कहिले बैठक छोडेर हिँड्नु कुरा कुनै पनि दृष्टिले शोभनीय होइन। न संसदीय मर्यादाको कुरा हो। संविधानको धारा १०३ ले जनप्रतिनिधिलाई विशेषाधिकार र वाक् स्वतन्त्रता दिएको छ। संसद्मा बोलेकै आधारमा सांसदलाई कतै मुद्दा चल्दैन। शिष्टाचार र मर्यादाविपरीत जे पनि बोल्न पाइने मर्म संविधानको व्यवस्था होइन। हिजोका संसद्मा कसैले कपडा खोल्ने र कसैले माइक र कुर्ची भाँच्नेसम्मका अमर्यादित गतिविधि गरे। यसपालिको संसद् त्योभन्दा भिन्न नहुने संकेत लोकतन्त्रका लागि र संसदीय व्यवस्थाका लागि हितकर छैन। खासमा संसद्को प्रमुख सभामुखले त्यस्ता अमर्यादित गतिविधि गर्ने सांसदलाई कारबाही गर्नुपर्छ। निलम्बनै गर्नेसम्मको हैसियत सभामुखको हुन्छ ।

संसद्लाई संसद् गहन छलफलको थलो बनाउनु पर्छ । त्यसमा को सत्ता पक्ष को प्रतिपक्ष भनेर नछुट्याई कारबाही गर्ने हिम्मत गर्नुपर्छ। अनुशासन पालना गराउनुपर्छ। संसद्को गरिमा उँचो राख्नुपर्छ। सभामुखले त्यसो नगर्ने हो भने गैरसंसदीय अभ्यास संसद्मा झनै बढ्छ। चाहे बन्चरेडाँडामा फोहोर व्यवस्थापनको मुद्दा होस् या अरू कुनै छलफल र बहस नगरी टुंगोमा पुर्‍याउन सकिन्न। फोहोर व्यवस्थापनकै सन्दर्भमा भने अहिलेसम्मको तरिका नै बेठिक छ, फोहोर लगेर थुपार्ने वा पुर्ने। खासमा घरघरमै फोहोर वर्गीकरण गर्ने र छुट्याइएको फरकफरक फोहोरको वैज्ञानिक व्यवस्थापन गर्नुपर्छ। दुर्गन्ध फैलाउने, रोग फैलाउने गरी आजको दिनमा पनि फोहोर व्यवस्थापनको तरिका अपनाउनु पुरातन तरिका हो। र यस्ता मुद्दालाई सांसदले नै गिजोलेर झनै फोहोरी बनाउनु त कुनै पनि दृष्टिमा उचित होइन ।

# दुखुखोला सडक पुल जोखिममा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ भदौं

जिल्लाको बेनी-दरवाङ सडकअन्तर्गत मङ्गला गाउँपालिका-२ र मालिका गाउँपालिका-६ को सिमानामा रहेको दुखुखोलाको कटानका कारण मोटरेबल पुल जोखिममा परेको छ ।

दुखुखोलामा आएको बाढी पुलको संरचनाभन्दा मुनिबाट बग्न थालेपछि भासिने जोखिम बढेको हो । दुखुबेँसीका बासिन्दासमेत रहेका मालिका गाउँपालिकाका पूर्वअध्यक्ष श्रीप्रसाद रोकाले पुलको मङ्गला गाउँपालिकातर्फको जग मुनिबाट खोला बग्न थालेको र पहुँचमार्ग कटान गरेर साँघुरिएको जानकारी दिनुभयो । "यात्रुवाहक सवारीसाधन र जलविद्युत् आयोजनाका सामग्री बोकेका ठूला ट्रक गुड्ने पुल जुनसुकै बेला भासिएर दुर्घटना हुने जोखिम छ", उहाँले भन्नुभयो, "यो पुल भत्किने हो भने मालिका, धवलागिरि र तमानखोला गाउँपालिकाको बेनीसँग सिधा यातायात सम्पर्क टुट्छ ।" पुलको एकातर्फको पिलरको जगमुनिबाट खोलाले कटान गरेर बाढी बग्न थालेको छ । सङ्घीयता लागू हुनुअघि तत्कालीन जिल्ला पूर्वाधार कार्यालयले ठेक्का लगाएको २० मिटर लामो र छ मिटर फराकिलो यो पुल रु दुई करोड छ लाखमा २०७६ सालमा निर्माण सम्पन्न भएर सञ्चालनमा आएको थियो । मालिकाधुरीको फेदीमा मुहान रहेको दुखु ठाडोखोला हो ।

पूर्वाधार विकास कार्यालयले दुखुखोला सडक पुल संरक्षणका लागि शनिबारदेखि नै काम सुरु भएको जनाएको छ । कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँले डोजर परिचालन गरेर खोला डाइभर्सन गर्ने र पर्खाल बनाएर पुलको पिलर तथा पहुँचमार्ग संरक्षणको काम थालिएको बताउनुभयो । जोखिमयुक्त भएकाले पुलमा यात्रा गर्ने क्रममा सावधानी अपनाउन कार्यालयले आग्रह गरेको छ ।

# आरुघाट अस्पताल स्तरोन्नति गर्न छ पालिका मिलेर काम गर्ने सहमति

**पोखरापत्र संवाददाता**
गोरखा, ८ भदौं

गोरखा र धादिङको सीमा क्षेत्रमा अवस्थित आरुघाट आधारभूत अस्पतालको सेवा विस्तारका लागि दुवै जिल्लाका पाँच पालिकाबीच मिलेर काम गर्ने सहमति भएको छ ।

ऐतिहासिक महत्व बोकेको आरुघाट बजारमा रहेको उक्त अस्पतालको सेवा विस्तार गर्न यसअघि पनि दुई जिल्लाका प्रतिनिधिबीच छलफल भएको गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक प्रवीन थापाले जानकारी दिनुभयो । अस्पतालको प्रभाव क्षेत्र धादिङको आरुघाट, त्रिपुरासुन्दरी र गङ्गाजमुना तथा गोरखाको भिमसेनथापा, धार्चे र चुमनुब्री गाउँपालिका पदाधिकारीबीच छलफल भएको संयोजक थापाले जानकारी दिनुभयो । छलफलमा आरुघाट अस्पतालबाट आधारभूत स्वास्थ्य सेवा विस्तार, नसर्ने रोगको उपचार, स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन र हेमोडायलिसिस सेवा सञ्चालन गर्न आवश्यक पहल गर्ने निर्णयसमेत भएको छ ।

आरुघाट अस्पतालमा ती सेवा विस्तार गर्न सबै गाउँपालिकाहरूले सहयोग तथा समन्वय गर्ने निर्णय भएको पालिकाको छ । "आरुघाट बजारबीच भागमा पर्ने हुनाले यहाँको अस्पतालमा धादिङका दुई र गोरखाका तीन गाउँपालिकाका बिरामीहरू सेवा लिन आउँछन्", थापाले भन्नुभयो, "आरुघाट आधारभूत अस्पतालको सेवा विस्तार गर्न सबै पालिकाहरूले पहल गर्ने निर्णय भएको छ । यसले छ वटै पालिकाका नागरिकहरूले गुणस्तरीय स्वास्थ्य सेवा पाउन सक्छन् ।" त्यस अवसरमा अस्पतालको सामाजिक सेवा इकाइमार्फत अति विपन्न, असहाय, कारागारका बिरामीहरू, बेवारिसे बिरामी र बृद्धबृद्धा लाई निःशुल्क रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने निर्णय भएको गाउँपालिकाले जनाएको छ । सामाजिक सेवा इकाई स्थापनाका लागि छ वटै गाउँपालिकाहरूले सहकार्य, समन्वय गर्ने निर्णय भएको उल्लेख छ । आरुघाट गाउँपालिकाका अध्यक्ष राजु गुरुङको संयोजकत्वमा भएको छलफलमा ती पालिकाका प्रमुख एवं प्रतिनिधि तथा प्रदेश जनस्वास्थ्य कार्यालय गोरखाका जनस्वास्थ्यका अधिकारीको सहभागिता थियो ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

**एउटै व्यक्ति भएको सूचना**



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं ३२ निवासी भारतीय भु.पु.सै.नं.JC629195W, SUB PPO NO. S/2020660/03 का मिन बहादुर शाहीको माग निवेदन अनुसार निजको श्रीमती निर्मला देवी शाहीको मिति ना.प्र.नं.४६-०२-८१-०४७७४ को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर निर्मला देवी शाही र जन्ममिति वि.सं.२०१८।०९।०४ (ई.सं.१९६१।१२।१८) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर निर्मला देवी र जन्ममिति वि.सं. २०१७।१२।२८ (ई.सं.१९६१।०४।१० उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको : व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालयको च.नं. ४०७ मिति २०८३।०५।०५ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

**एउटै व्यक्ति भएको सूचना**



कास्की जिल्ला ले.न.पा. वडा नं. ३ निवासी भारतीय भु.पु.सै.नं. JC-162946K का वल वहादुर पुनको श्रीमती ताल माया पुनको नागरिकतामा जन्ममिति वि.सं. २०१८।३।२० उल्लेख भएको तर निजको पतिको भारतीय पारिवारिक पेन्सन विवरणमा निजको जन्ममिति ई.सं. १९९३ मा ३४ वर्ष उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला लेखनाथ न.पा. कार्यालयको च.नं. २०७६० मिति २०७२/०३/२४ को सिफारिस पत्रवाट लेखि आएकोले सोही व्यहोरा अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

**एउटै व्यक्ति भएको सूचना**



गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ साविक रेश गा.वि.स. वडा नं. ९ बस्ने भारतिय भू.पू. सै. नं. ५२४४४९५ W ३/३ जि.आर. का जंग विर थापाको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्र नं. २०७१८३-८७७ मा नामथर हिम देवी कुवर र जन्म मिति २०२४/०६/२१ (ई.सं. १९६७ अक्टोबर ०७) भएको र निजको श्रीमानको भारतिय पेन्सन रेकर्डमा श्रीमतीको नाम थर हिम देवी थापा र जन्म मिति वि.सं. २०१९/०६/१९ (ई.सं. १९६२ अक्टोबर ०५) उल्लेख भै फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङ्को च.नं. ११८, मिति २०८३/०४/२७ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय
एकीकृत सेवा कार्यालय, कास्की

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०९ गते

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८३/८४ को बार्षिक कार्यक्रम अन्तर्गत सन्चालित **एक सीप कार्यक्रम अन्तर्गत उपकरण तथा मेसिन औजार खरिद** कार्यक्रमका लागि उद्यमी छनौट गर्नुपर्ने भएकाले प्रचलित कानुन बमोजिम महिलाहरुको नाममा दर्ता भएका व्यक्तिगत उद्योग, फर्म, कम्पनी वा समुह, संस्था, सहकारीले स्थापना गरेका उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवश्यक कागजातसहित रितपूर्वक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न राख्नुपर्ने कागजातहरू**

१, अनुसूची-८ बमोजिमको निवेदन
२, अद्यावधिक रहेको उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी
३, स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व. २०८२/८३ को करचुक्ता
४, अघिल्ला ५ आर्थिक वर्षमा कुनै पनि कार्यालयबाट प्रविधि वापतको अनुदान प्राप्त नगरेको स्वघोषणा
५, उद्योगको व्यवसायिक योजना (स्कीम)
६, उद्योग सन्चालनमा रहेको तथा प्रविधि आवश्यक रहेको ब्यहोरा खुलाइ वडाको सिफारिस
७, माग गरेको प्रविधिसँग सम्बन्धित स्पेशिफिकेशन र मूल्य खुलेको कोटेशन
८, गण्डकी प्रदेश उद्योग पर्यटन मन्त्रालयको बार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८३ को अनुसूची-१० मा उल्लेखित मूल्याङ्कनका आधारका लागि प्रमाण खुल्ने अन्य कागजातहरु

**पुनश्चः** निवेदन कार्यालयको वेभसाइट www. isokaski.gandaki.gov.np मा उपलब्ध हुनेछ । छनौट भएका उद्यमीलाई निजी उद्योगको हकमा १ लाख र समुह सस्था सहकारीले स्थापना गरेको उद्योग भए २ लाख ५० हजार रुपैया नबढ्ने गरी प्रविधि खरिद मूल्यको ५० प्रतिशत रकम अनुदान उपलब्ध गराइनेछ ।

**थप जानकारीका लागि कार्यालयको फोन न ०६१-५७०२०४ मा सम्पर्क गर्न सकिनेछ ।**

कार्यालय प्रमुख

**एउटै व्यक्ति भएको सूचना**

स्याङ्जा फेदीखोला गाउँपालिका वडा नं ०३ निवासी भारतीय सेनाका भु.पु. सैनिक नं 5447062Nका हवल्दार चेत बहादुर रानाभाटको, श्रीमतीको, छोरा, छोरीको ना.प्र.मा र सैनिक अभिलेखमा तपशिल बमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं ११४ मिति २०८३/०५/०५ का पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ ।

| | ना.प्र.मा नामबर | सैनिक अभिलेखमा नामथर | नाता | ना.प्र.मा जन्ममिति वि.सं. | सैनिक अभिलेखमा जन्ममिति ई.सं. |
|---|---|---|---|---|---|
| १ | चेत बहादुर रानाभाट | चेत बहादुर रानाभाट | पेन्सनर | २०११/१२/३१ ई.स.१३.०४.१९५५ | २०.०८.१९५७ वि.सं.२०१४/०५/०४ |
| २ | खेम कुमारी रानाभाट | खेम कुमारी | श्रीमती | २०१४/०६/१० ई.स.२६.०९.१९५७ | ०१.११.१९५५ वि.सं.२०१२/०७/१५ |
| ३ | थमन सिं रानाभाट | थमन सिं राना | छोरा | २०४३/११/२१ ई.स.०५.०३.१९८७ | ०३.०५.१९७५ वि.सं.२०३२/०१/२० |
| ४ | अजित सिं रानाभाट | अजित सिं राना | छोरा | | |
| ५ | विजय रानाभाट | विजय रानाभाट | छोरा | २०४७/०७/०८ ई.स.२५.१०.१९९० | ०१.०२.१९९१ वि.सं.२०४७/१०/१८ |
| ६ | खेम कुमारी रानाभाट | खेम कुमारी | छोरी | २०४२/०१/०३ ई.स.१६.०४.१९७५ | २५.०२.१९७४ वि.सं.२०३०/११/१४ |



जिल्ला प्रशासन कार्यालय, स्याङ्जा


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मनकामनामा गोरखाका पर्यटकीय गन्तव्यबारे जानकारी दिन 'डिजिटल बोर्ड'

**पोखरापत्र संवाददाता**
गोरखा, ८ भदौं

प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल मनकामना आउने पर्यटकलाई गोरखासम्म पुग्ने वातावरण बनाउने उद्देश्यले मनकामना परिसरमा गोरखाका पर्यटकीय गन्तव्यबारे जानकारी दिन डिजिटल सूचना पाटी (बोर्ड) स्थापना गरिएको छ।

गोरखा उद्योग वाणिज्य सङ्घले मनकामना मन्दिर क्षेत्रमा डिजिटल बोर्ड स्थापना गरेको हो। "मनकामना मन्दिर दर्शकका लागि दशौँ लाख भक्तजन, आन्तरिक तथा बाह्य पर्यटक आउँछन्। गोरखाको प्रचारप्रसार गरेमा पर्यटक गोरखाका पर्यटकीयस्थलसम्म पुग्ने र पर्यटन प्रवर्द्धन हुने भएकाले मन्दिर परिसरमा जानकारीमूलक सूचना पाटी राखिएको हो", सङ्घका अध्यक्ष भगवानबाबु मास्केले भन्नुभयो, "तत्कालका लागि गोरखा नगरपालिकाद्वारा निर्मित श्रव्यदृश्य सामग्री राखिएको छ। अरु थप्दै जाने छौं।" डिजिटल बोर्डमा गोरखा दरबार, गोरखकाली मन्दिर, बज्रभैरव, गोरखा सङ्ग्रहालय, विष्णुपाञ्चायन, रानीपोखरीलगायत गोरखा नगरपालिकाभित्रका साथै जिल्लाका मनास्लुलगायत क्षेत्रका श्रव्यदृश्य समेटिएका सामग्री राखिएको गोरखा नगरपालिकाका प्रमुख कृष्ण रानामगरले जानकारी दिनुभयो। "सुरुवात सङ्घले गरे पनि यसलाई निरन्तर सहयोग नगरपालिकाले गर्नेछ", उहाँले भन्नुभयो।

# टप एन्ड टी-२० सिरिजमा नेपालको पहिलो जित

**रासस**
काठमाडौं, ८ भदौं

अस्ट्रेलियामा भएको टप एन्ड टी-२० सिरिजमा नेपाल ए टोलीले पहिलो जित दर्ता गराएको छ।

डार्विनस्थित मरारा क्रिकेट मैदानमा सोमबार भएको खेलमा नेपाल ए ले होबार्ट हुरिकेन्स एकेडेमीलाई ३९ रनले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको हो। यसअघिका दुई खेलमा नेपाल ए पराजित भएको थियो।

नेपाल ए ले जितको लागि दिएको १५५ रनको लक्ष्य पछ्याएको होबार्ट हरिकेन्स एकेडेमी १८.३ ओभरमा सबै विकेट गुमाउदै ११५ रनमा समेटियो। एकेडेमीका लागि नितेश सामुएलले सर्वाधिक ३७ रन बनाए भने टिम वार्डले २३ रन जोडे। नेपालका बलरमध्ये नारायण जोशीले तीन विकेट लिए भने शाहब आलम र पवन सर्राफले समान २-२ विकेट लिए। विपिन खत्रीले एक विकेट झारे।

त्यसअघि टस जितेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल ए ले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १५४ रनको योगफल बनाएको थियो। नेपालका लागि कुशल भुर्तेलले ३९ रन बनाए। उनले ३४ बलमा ६ चौका प्रहार गरे। मायन यादवले ३१, कप्तान अनिल साहले २८ तथा लोकेश बमले २० रन बनाए। तृत राज दासले १० रन जोडे।

## गण्डकी प्रदेश सरकार
## उद्योग तथा पर्यटन मन्त्रालय र
## सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय
## एकीकृत सेवा कार्यालय, कास्की

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०९ गते

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८३/८४ को बार्षिक कार्यक्रम अन्तर्गत सन्चालित **उद्योग प्रर्वधनका लागि साझेदारीमा उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण** कार्यक्रमका लागि उद्यमी छनौट गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवश्यक कागजातसहित रीतपूर्वक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**संलग्न राख्नुपर्ने कागजातहरू**

१, अनुसूची-८ बमोजिमको निवेदन
२, अद्यावधिक रहेको उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी
३, स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व. २०८२/८३ को करचुक्ता
४, अघिल्ला ५ आर्थिक वर्षमा कुनै पनि कार्यालयबाट प्रविधि वापतको अनुदान प्राप्त नगरेको स्वघोषणा
५, उद्योगको व्यवसायिक योजना (स्कीम)
६, उद्योग सन्चालनमा रहेको तथा प्रविधि आवश्यक रहेको ब्यहोरा खुलाइ वडाको सिफारिस
७, माग गरेको प्रविधिसँग सम्बन्धित स्पेशिफिकेशन र मूल्य खुलेको कोटेशन
८, गण्डकी प्रदेश उद्योग पर्यटन मन्त्रालयको बार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८३ को अनुसूची-९ मा उल्लेखित मूल्याङ्कनका आधारका लागि प्रमाण खुल्ने अन्य कागजातहरु

**पुनश्चः** निवेदन कार्यालयको वेभसाइट www. isokaski.gandaki.gov.np मा उपलब्ध हुनेछ। छनौट भएका उद्यमीलाई अधिकतम ५० हजार वा निजले माग गरेको प्रविधिको कुल लागतको ५० प्रतिशत रकम मध्ये जुन कम हुन्छ सोही रकम अनुदान उपलब्ध गराइनेछ।

**थप जानकारीका लागि कार्यालयको फोन न ०६१-५७०२०४ मा सम्पर्क गर्न सकिनेछ।**

कार्यालय प्रमुख

नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
कास्की

## एउटै व्यक्ति भएको सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १७ निवासी भारतीय अवकाश प्राप्त नं ५२४३९६५ K का Hony Nb/Sub, युनिट 1/3 GR का श्री कृष्ण बहादुर थापाको श्रीमती नागरिकता प्रमाण पत्र नं १०२५५ स्याङ्जाकी श्री यमकला थापा मगरको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर श्री यमकला थापा मगर र जन्ममिति वि.सं २०१८।०४।१५ (सन् १९६१।०७।३०) उल्लेख भएको तर निजको श्रीमान्को भारतीय सैनिक अभिलेखमा नामथर श्री यमकला थापा र जन्ममिति सन् १९५९।१०।०३ उल्लेख भई नामथर र जन्ममिति फरक भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायलाई सिफारिस गरिदिनुहुन अनुरोध छ भनि कास्की जिल्ला पोखरा महानगरपालिका १७ नं वडा कार्यालयको च.नं ४०५२ मिति २०७७।१०।०५ को सिफारिस पत्रबाट लेखि आएकोले नियमानुसार हुन अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी

## एउटै व्यक्ति भएको सूचना



पर्वत जिल्ला कुश्मा नगरपालिका वडा नं. ३ (साविक दुर्लुङ्ग गा.वि.स. वडा नं. ७) बस्ने मान बहादुर मगरको छोरा भारतीय भु.पु सैनिक नं. ५२४३१५६K, १/३ जि.आर., Rank: NK (TS) हिमलाल मगरको मिति २०३६/०१/१० मा जिल्ला बाग्लुङ, जैमिनी नगरपालिका वडा नं. ७ बस्ने करन बहादुरको छोरी डिल कुमारी मगरसँग सामाजिक परम्परा अनुसार विवाह भएको भनी कुश्मा नगरपालिका ३ नं. वडा कार्यालय पर्वतको च.नं. ९९, मिति २०८३/०५/०१ को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ।

जिल्ला प्रशासन कार्यालय, पर्वत, कुश्मा

नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
पर्वत, कुश्मा

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा यस जिल्लास्थित साविक शिवालय गा.वि.स. वडा नं ३ हाल कुश्मा नगरपालिका वडा नं. ७ बस्ने भारतीय सेना आर्मी नं. जे. सी. ६०३१४० पी का हनरी क्याप्टेन मिन बहादुर चोचाडीको श्रीमती चनमाया चोचाङ्गी पुनको नेपाली नागरिकता प्रमाणपत्रमा जन्ममिति वि.सं. २०२६।०३।११ (सन् १९६९-०६-२५) उल्लेख भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको जन्ममिति वि.सं. २०२६।१२।०३ (सन् १९७०-०३-१६) उल्लेख भई जन्ममिति फरक भएता पनि दुई जन्ममिति भएको व्यक्ति एउटै भएको भनी कुश्मा नगरपालिका वडा नं. ७ को च.नं. ८८, मिति २०८३।०५।०८ को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ।

प्रमुख जिल्ला अधिकारी

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा विरुवा गाउँपालिका वडा नं ०८ निवासी भारतीय सेनाका भु.पु. सैनिक नं ६०७४५५W रेंक सुवेदार युनिट 2/3 GR का शहर सिङ थापाको श्रीमती रमना थापा मगरको ना.प्र.मा नामथर रमना थापा मगर, जन्म मिति २०२०/०९/०६ (ई.सं. २१/१२/१९६३) भएको तर सैनिक अभिलेखमा नामथर रमना थापा, जन्म मिति २०२२/०२/०३ (ई.सं. १६/०५/१९६५) भई फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं ६१ मिति २०८३/०५/०३ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. ०९ निवासी भारतीय भु.पू.सैनिक नं. ५३४४३०२ A का हवल्दार हस्त वहादुर गुरुङको नेपाली नागरिकता प्रमाणपत्र र भारतीय सैनिक अभिलेखमा तपसिलमा उल्लेखित व्यक्तिहरुको विवरण फरक भई फरक परेतापनि उल्लेखित नामथर र जन्ममिति भएको व्यक्ति फरक-फरक नभई एकै भएको बेहोरा बेसीशहर नगरपालिका, ०९ नं. वडा कार्यालयको च.नं. १२१, मिति २०८३/०५/०४ को सिफारिस बमोजिम सोही बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ मात्र अनुरोध छ।

तपसिल

| क्र.स. | नामथर | ना.प्र.मा कायम भएको नामथर | सैनिक अभिलेखमा कायम भएको नाम थर | ना.प्र.मा कायम भएको जन्ममिति | सैनिक कायम भएको जन्ममिति |
|---|---|---|---|---|---|
| १ | देवी कुमारी गुरुङ | देवी कुमारी गुरुङ | देवी माया गुरुङ | वि.स.२०१८/०८/०८ ई.स.२३/११/१९६१ | वि.स.२०२०/०८/२४ ई.स.१०/१२/१९६३ |
| २ | डिलमाया गुरुङ | | | वि.स.२०४५/०२/०२ ई.स.१५/०५/१९८८ | वि.स.२०४३/०२/०२ ई.स.१६/०५/१९८६ |
| ३ | ममता गुरुङ | | | वि.स.२०४५/१२/२३ ई.स.०५/०४/१९८९ | वि.स.२०४५/०१/०१ ई.स.१३/०४/१९८८ |
| ४ | दिपक गुरुङ | दिपक गुरुङ | दिपक कुमार गुरुङ | वि.स.२०४८/०९/१८ ई.स. ०२/०१/१९९२ | वि.स.२०४६/०९/०४ ई.स.१९/१२/१९८९ |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
लमजुङ


## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला सुन्दरबजार नगरपालिका वडा नं. ०५ निवासी भारतीय भु.पू.सैनिक नं. ५२४३९१७ TS नायक ५/३ जि.आर. का देव वहादुर गुरुङको श्रीमती छलि माया भन्ने मेख माया गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र नं. ३९२६ मा नामथर छलि माया भन्ने मेख माया गुरुङ र जन्म मिति वि.स. २०१९/१०/२९ (ई.स. ११/०२/१९६३) भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा नामथर मेख माया गुरुङ र जन्ममिति वि.स. २०१६/०९/२६ (ई.स.१०/०१/१९६०) भई फरक परेतापनि उल्लेखित जन्म मिति भएको व्यक्ति फरक-फरक नभई एकै भएको बेहोरा सुन्दरबजार नगरपालिका, ०५ नं. वडा कार्यालयको च.नं. ५९, मिति २०८३/०४/२६ को सिफारिस बमोजिम सोही बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ मात्र अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं १९ निवासी टेक बहादुर अधिकारीको छोरा भारतीय भु.पु.सै.नं. 5844776K Rank Hav Unit 3/9 GR का इन्द्र बहादुर अधिकारी क्षेत्रीको माग निवेदन अनुसार निजको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर इन्द्र बहादुर अधिकारी क्षेत्री उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको नामथर इन्द्र बहादुर क्षेत्री उल्लेख भएको साथै निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सूर्य कुमारी अधिकारी र जन्ममिति वि.सं. २०२२।०१।२२ (ई.सं.१९६५।०५।०४) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर सूर्य कुमारी क्षेत्री र जन्ममिति वि.सं. २०२१।०२।०९ (ई.सं.१९६४।०५।२२) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएका व्यक्तिहरु फरक नभई एउटै व्यक्तिहरु भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १९ नं वडा कार्यालयको च.नं. ४५२ मिति २०८३।०५।०५ को सिफारिस पत्रवाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ।

जिल्ला प्रशासन कार्यालय, कास्की

## एउटै व्यक्ति भएको सूचना

पर्वत जिल्ला कुश्मा नगरपालिका वडा नं. ३ (साविक दुर्लुङ्ग गा.वि.स. वडा नं. ७) बस्ने भारतीय भु.पु सैनिक नं. ५२४३१५६K, १/३ जि.आर., Rank: NK (TS) हिमलाल मगरको तपशिल बमोजिम पारिवारिक विवरण रहेको भनी कुश्मा नगरपालिका ३ नं. वडा कार्यालय पर्वतको च.नं. ९८ मिति २०८३/०५/०१ को पत्रबाट सिफारिस भै आएकाले तपशिल बमोजिमको पारिवारिक विवरण पेन्सन प्रयोजनको लागि प्रमाणित गरिन्छ। तपसिल

| | ना.प्र.मा नामबर | नाता | जन्ममिति | वैवाहिक स्थिती | कैफियत |
|---|---|---|---|---|---|
| १ | हिम लाल मगर | पेन्सनर | २०१७/०३/१२ | विवाहित २०३६/०१/१० | जिवित, अपाङ्ग नभएको |
| २ | डिल कुमारी मगर | श्रीमती | २०१७ साल | विवाहित २०३६/०१/१० | जिवित, अपाङ्ग नभएको |
| ३ | श्याम थापा मगर | छोरा | २०३८/०९/०३ | विवाहित २०३८/११/२३ | जिवित, अपाङ्ग नभएको |
| ४ | निर्मला थाप | छोरी | २०४७/०२/२७ | विवाहित २०६५/१०/१८ | जिवित, अपाङ्ग नभएको |

जिल्ला प्रशासन कार्यालय, पर्वत, कुश्मा

नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला हाल बेसीशहर नगरपालिका वडा नं. ०९ निवासी भारतीय सैनिक नं. १८२४६३ १८ AR का हवल्दार डिल जङ गुरुङको पत्नी कसाई माया गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ३०५९) मा नामथर कसाई माया गुरुङ र जन्म मिति वि.स. २०१०/११/१० (ई.स. १९५४-०२-२१) उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर काशीसो गुरुङ र जन्म मिति वि.स. २०१६/०३/१७ (ई.स. १९५९-०७-०१) उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेसीशहर नगरपालिका ०९ नं. वडा कार्यालयको च.नं. १०६ मिनि २०८३/०५/०३ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी